**मिति २०७४ साल असार १८ गतेको दिन ऐसेलुखर्क गाउँपालिका, गाउँ कार्यपालिकाको प्रथम ऐतिहासिक  बैठकका निर्णयहरु ।**

**निर्णय नं. १** ऐसेलुखर्क गाउँपालिका छेत्र भित्र रहेका कार्यपालिकाहरुमा कर्मचारीको नियमित उपस्थिती गर्न निर्देशन गर्ने र कार्यालयमा दरबन्धी रही अन्यत्र गएका रहेका कर्मचारीहरु लाई ७ (सात) दिन भित्र हाजिर भई सेवाग्राही लाई नियमित सेवा प्रवाह गर्नै निर्देशन दिने

**निर्णय नं. २** यस गाउँपालिकाको सडक यातायात सँग नजोडिएका वडाहरुमा आगामी २०७४ साल फाल्गुन मसान्त सम्ममा सडकको ट्याक खोली सक्ने र हाल सडक ट्याक खोलिएका तर िनियमित रुपमा यातायात सञ्चालन समेत नभएका ठाउमा नियमित रुपमा यातायात सञ्चालन समेत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** यस गाउँपालिकामा २०७२ सालको भुकम्पबाट घर क्षती भएका र राहात रकम पाउनको लागि सम्झौता भै सकेका लाभग्राहीहरुको साल्पा विकास बैंकमा खाता खोली रकम भुक्तानी लिन दिक्तेल जाँदा लाभग्राहीहरुलाई ज्यादै दु :ख भएकोले सालपा विकास बैक ऐसेलुखर्कमा नै सम्झौता गरी खाता खोलेर रकम भुक्तानीको ब्यवस्था  गर्न श्री जिल्ला समन्वय समितिको कार्यालय खोटाङ लाई अनुरोध गर्ने भनि निर्णय गरियो ।

**मिति २०७४ साल साउन ३ गते ऐसेलुखर्क गाउँकार्यपालिकाको  दोस्रो बैठकका निर्णयहरु ।**

**निर्णय नं. १** नेपालको संविधानको धारा २१८ ले दिएको अधिकारको प्रयोग गरी गाउँपालिका सञ्चालननार्थ आवश्यक पर्ने देहायका नियामावली एवं कार्यविधिहरु परित गरियो ।

क. ऐसेलुखर्क गाउँपालिका, गाउँकार्यपालिका (कार्यविभाजन) नियमावली २०७४

ख. ऐसेलुखर्क गाउँपालिका, गाउँकार्यपालिका (कार्यसम्पादन) नियमावली २०७४

ग. ऐसेलुखर्क गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक संचालन सम्बन्धि कार्यविधि -२०७४

घ. ऐ्सेलुखर्क गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण ( कार्यविधि) नियमावली, २०७४

**निणर्य नं. २** ऐसेलुखर्क गाउँपालिका, गाउँकार्यृपालिका ( कार्यसम्पादन) नियमावली २०७४ को दफा १५ को उपदफा १ र दफा २५ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले कार्यपालिकामा निर्न्नयका लागि पेश भएका प्रस्ताबमा निर्णय गर्नुपूर्व आवश्यकतानुसार राय, सल्लाह र सुझाव लिनका लागि देहायबमोजिम समिति गठन गर्ने गरी संयोजक र सदस्यहरु गर्ने ।

क. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति

संयोजक - श्री विश्वनाथ निरौला, गाउँकार्यपालिका अध्यक्ष

सदस्य - श्री पुष्पकला भुजेल, गाउँकार्यपालिका उपाध्यक्ष

सदस्य - श्री जीवन निरौला, कार्यकारी अधिकृत

सदस्य - श्री छिरिङलमु तामाङ

सदस्य - श्री खड्ग बहादुर राई (नाछिरिङ)

सदस्य - श्री फूलकमल राई

सदस्य सचिव - श्री युवराज फूयल

ख. राजश्व परामर्श समिति

संयोजक - श्री पुष्पकला भुजेल, गाउँकार्यपालिका उपाध्यक्ष

सदस्य - श्री जीवन निरौला, कार्यकारी अधिकृत

सदस्य - श्री जानुमाया राई

सदस्य - श्री देवीचरण रम्तेल

सदस्य - श्री धुब्र राजभण्डारी (प्रतिनिधि उ.वा. संघ)

सदस्य सचिव - श्री युवराज फूयल

ग.सार्वर्जानिक सेवा तथा क्षमता विकास समिति

संयोजक - श्री राजेश कुमार राजभण्डारी

सदस्य - श्री दिल बहादुर राई

सदस्य - श्री चमेली विश्वकर्मा

घ. आर्थिक विकास समिति

संयोजक - श्री झन कुमार राई (नाछिरिङ)

सदस्य - श्री मिन बहादुर राई

सदस्य - श्री छिरिङलमु तामाङ

ङ. सामाजिक विकास समिति

संयोजक - श्री पुष्पकला भुजेल

सदस्य - श्री देवीचरण रम्तेल

सदस्य - श्री फूलकमल राई

च. पूर्वाधार विकास समिति

संयोजक - श्री फूलकमल राई

सदस्य - श्री सन्तवीर तामाङ

सदस्य - श्री झन कुमार तामाङ -नाछिरीङ)

छ. वातावरण तथा विपद व्यवस्थापन समिति

संयोजक - श्री नैन कुमार राई

सदस्य - श्री खड्ग बहादुर राई (नाछिरीङ)

सदस्य -जानुमाया राई

ज. विधेयक समिति

संयोजक - श्री विश्वनाथ निरौला

सदस्य - श्री लक्ष्मी वि.क.

सदस्य - श्री दिल बहादुर राई

झ. बजेट तथा कार्यक्रम तर्जुमा समिति

संयोजक - श्री पुष्पकला भुजेल, गाउँकार्यपालिका उपाध्यक्ष

सदस्य - श्री राजेशकुमार राजभण्डारी

सदस्य - श्री झन कुमार राई

सदस्य - श्री देवीचरण रम्तेल

सदस्य - श्री फूलकमल राई

सदस्य - श्री नैन कुमार राई

सदस्य - श्री लक्ष्मी वि.क.

सदस्य सचिव - श्री जीवन निरौला, कार्यकारी अधिकृत

**निर्णय नं. ३** यस गाउँपालिकामा रहेका सबैको वडा कार्यालयहरु भैतिक रुपमा जीर्ण रहेको र कार्यालय संचालन गर्न आवश्यकीय फर्निचरहरुसमेतको अभाव रहेको समस्यालाई मध्यनजर गरी तपसील बमोजिमका वडा कार्यालयहरुलाई कार्यालय व्यबस्थापन र फर्निचर निमार्ण तथा खरिदका लागि तपसील बमोजिम रकम उपलब्ध गराउने र प्राविधिक मूल्यांकनका आधारमा पेश्की फर्छ्यौट गर्ने निर्णय गरियो ।

**तपसील**

वडा नं. १ राखाबाङ्‌देल - रु ७ लाख

वडा नं. २ बाकाचोल - रु ८ लाख ५० हजार

वडा नं. ३ ऐसेलुखर्क - रु ३ लाख

वडा नं. ४ जलेश्वरी - रु १ लाख ५० हजार

वडा नं. ५ महेश्वरी - रु ३ लाख

वडा नं. ६ ज्यामिरे - रु २ लाख

वडा नं. ७ माक्पा ८ लाख

**निर्णय नं.** ४ ऐसेलुखर्क गाउँपालिका, गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली २०७४ को दफा १७ को उपदफा १ बमोजिम कार्यपालिकाले आफुले सम्पादन गरेका कार्य वा निर्णयहरु जानकारीमा ल्याउन कार्यपालिकाका सदस्य श्री राजेशकुमार राजभण्डारीलाई गाउँपालिकाको प्रवक्ता तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ५** नेपालको संविधानको धारा २१७ बमोजिम यस गाउँपालिकाका उपाध्यक्ष श्री पुष्पकला भुजेलको संयोजकत्वमा न्यायिक समिति गठन गरि समितिमा रिक्त दुई सदस्यहरु गाउँसभाबाट मनोनित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** गाउँसभाको पहिलो बैठक आगामी श्रावण ११ गते बस्ने र विषयगत समितिले आफ्नो समितिको कामको संछिप्त प्रतिबेदन समेत सोही दिन पेश गर्ने सहमति सहित आजको बैठक समापन गर्ने निर्णय गरियो ।

**मिति २०७४ साल साउन १८ गते ऐसेलुखर्क गाउँपालिकाको तेस्रो बैठकका निर्णयहरु**

**निर्णय नं. १** यस गाउँपमलिकाका निर्वाचित जनप्रतिधिहरुको आचरण र व्यबहारलाई व्यवस्थित एंव मर्यादित बनाउन "ऐसेलुखर्क गाउँपालिका पदाधिकारीहरुको आचारसंहिता २०७४" पारित गरियो ।

**निर्णय नं. २** नेपालको संविधानको धारा २२७ अनुसार प्रदेश कानुन बमोजिम स्थानीय तहको बैठक संचालन कार्यविधि स्वीकृत भई लागु नभए सम्मको लागि ऐसेलुखर्क गाउँसभाको कार्यसञ्चालन गर्न, बैठकको सुव्यबस्था कायम राख्न आबश्यक समितिहरुको गठन गर्न र अन्य कामकारवाही नियमित एंव प्रभावकारी बनाउन "ऐसेलुखर्क गाउँसभा सञ्चालन कार्यविधि २०७४" पारित गरियो ।

**निर्णय नं. ३** गाउँपालिका पदाधिकारीहरुको आचार संहिता अनुगमन समिति र लेखा समिति प्रथम गाउँसभाबाट गठन गर्ने र सम्पूर्ण विषयगत समितिको प्रतिबेदन आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

**मिति २०७४ साल भाद्र ९ गते ऐसेलुखर्क गाउँ कार्यपालिकाको आकस्मिक बैठकका निर्णयहरु ।**

**निर्णय नं. १** यस आ.व. मा यस गाउँपालिकामा सञ्चालन हुने योजना तथा कार्यक्रमहरु सबै वडा बाट मिति २०७४ भाद्र १७ गते दिनको ४ बजे सम्म गाउँपालिकाको कार्यालयमा पठाउन सबै वडा कार्यालय लाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २** यस गाउँपालिका क्षेत्र भित्र रहेका सबै माध्यमिक विद्यालयहरुमा आगामी शैक्षिक सत्र २०७५ देखि कक्षा १ देखी तलका कक्षाहरुमा अग्रेजि माध्यमबाट कक्षा संचालनका लागि सबै विद्यालयहरुलाई पत्राचार गर्ने निर्ण गरियो ।

**निर्णय नं. ३** यस गाउँपालिका क्षेत्र भित्रका खोला नालाको बालुवा अन्य सामाग्री र सडक निर्णका क्रममा सडक आसपासमा निस्किएका ढुङ्गा, गिटी,रोडा लगाएतका सामाग्री गाउँपालिकाले मात्र प्रयोग गर्ने र गाउँपालिका क्षेत्रबाट अन्यत्त बाहिर ढुवानी गर्न नदिनको लागि सूचना जारी गर्ने र सो सूचना रेडियो मार्फत पनि प्रशारण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** २०७४ सालको बडा दशै अगाडी नै रावाखोला - माक्पा - ऐसेलुखर्क - सडक स्तरोन्नती, ऐसेलुखर्क बजार क्षेत्र सडक मर्मत लगाएत, यस गाउँपालिका केन्द्र सम्म आउने निर्माण भई प्रयोगमा नआएका सडक मर्मत गर्नको गर्नको लागि पूर्वाधार विकास समितिले सम्बन्धित सडकको अनुगमन गरी ३ (तिन) दिन भित्र गाउँपमलिकामा शिफारीस गर्ने निर्णय गरियो ।

**मिति २०७४ साल भाद्र २० गते ऐसेलुखर्क गाउँ कार्यपालिकाको पाँचौ बैठकका निणयहरु ।**

**निर्णय नं. १** मिति २०७४ साल भाद्र २३ गते देखि लागु हुने गरी ऐसेलुखर्क गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७४ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** ऐसेलुखर्क गाउँपालिकाको आ.ब. २०७४/०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चालित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने ुम्बन्धमा व्यबस्था गर्न बनेको ऐन "ऐसेलुखर्क गाउँपालिकाको विनियोजन ऐन २०७४" पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** यस आ.ब. मा ऐसेलुखर्क गाउँपालिकाले खर्च गर्ने चालु तथा पुँजिगत र शसर्त अनुदान समेतबाट खर्च गर्न बजेट तथा कार्यक्रम तर्जुमा समितिले पेश गरेको बजेट तथा योजना र कार्यक्रम तपशिल बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

**तपशिल**

आय तर्फ

वडा बाट फिर्ता - ३१,०८,६६५।-

आन्तरिक राजश्व - १३,९२,७९९।-

निशर्त अनुदान - १४,८०,०९,०००।-

गतको बाँकी कार्यालय व्यबस्थापन - ४८,००,०००।-

कुल जम्मा - २४,७०,१९,३६५।-

व्यय तर्फ

कार्यालय व्यबस्थापन - ४८,००,००,०००।-

सर्शत अनुदान - ८,९७,०९,०००।-

चलु खर्च - ३,८१,२७,५९१।-

पुँजिगत खर्च - ११,४३,८२,७७४।-

कुल जम्मा - २४,७०,१९,३६५।-

वडागत, विषयगत केन्द्रबाट सन्चालित जयोजनाहरु

**वडा नं. १ राखाबाङ्देलको स्वीकृत वडास्तरीय योजना तथा कार्यक्रम**

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | लिदिङखोला लघुजलविधुत आयोजना मर्मत सुधार तथा स्तर उन्नति | ७०००० | |
| २ | खानेपानी मर्मत शिंखा मानुका प्रावि,वादस्कु,बाङ्देल खानेपानी योजना | ५००००० | |
| ३ | कृषि उपज प्रमाणिकरण तथा पशु स्वास्थ्य कार्यक्रम | १५०००० | |
| ४ | स्वास्थ्य बर्थिङ सेन्टर ढलान र व्यवस्थापन, पाठेघर सम्बन्धि शिविर,औजार खरीद | २५०००० | |
| ५ | वडा प्रोफाइल पार्श्व चित्र | १५०००० | |
| ६ | कालिका मावि प्लस टु सञ्चालन कक्षा कोठा निर्माण | ८००००० | |
| ७ | कालिका मावि पुस्तकालय मर्मत व्यवस्थापन | २००००० | |
| ८ | राखाबाङ्देल सडक निर्माण तर्फ एकमुष्ठ | ६१००००० | |
| ९ | विपद व्यवस्थापन कोष निर्माण | १५०००० | |
| | **जम्मा** | **९००००००** | |

मिति २०७४ साल पौष २ गतेको वडा समिति बैठकले सडक सिर्शकमा रहेको एक मुस्ट रकम लाई तपशिल बमोजिम बिनियोजन गरेको छ ।

१. कोलडाँडा गुरुङगाउँ वडा कार्यालय बाङ्देल वादस्कु सडक निर्माण रु. ३१०००००लाख ।

२. जाल्या सप्तेश्वर राखा बाङ्देल ग्रामिण सडक निमार्ण रु. ३००००० लाख

**वडा नं.२ बाकाचोलकोस्वीकृत वडास्तरीय योजना तथा कार्यक्रम**

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | शिरु डाँडा-बुबे हुँदे बगाले चौतारासम्म सडक निर्माण | २०००००० | |
| २ | खोपखर्क-बर्खे भङ्याङ-बिस्खाम सडक निर्माण | २१००००० | |
| ३ | बौध्द स्कुल-माघे-देउराली सडक निर्माण | ७००००० | |
| ४ | सिंदुरेढुङ्गा लिदिङखोला पावर हाउस सडक निर्माण | ११००००० | |
| ५ | माथेपा सडक निर्माण | १००००० | |
| ६ | महभीर रातपाने जोड्ने गोरेटो बाटो मर्मत | १००००० | |
| ७ | रमना प्रावि देखि रेम्मा सम्म गोरेटो बाटो मर्मत | १००००० | |
| ८ | चित्रे भङ्याङ खानेपानी ट्याङ्की | १००००० | |
| ९ | देउसाली टोल खानेपानी इन्टेक सुधार | १००००० | |
| १० | पारा गैरी टोल खानपानी योजना | १००००० | |

| | | | |
|---|---|---|---|
| ११ | हजमा टोल खानेपानी योजना | २००००० | |
| १२ | सतीघाट धर्मशाला भवन निर्माण | २००००० | |
| १३ | तामाङ सांस्कृतिक वाद्यवादन सामाग्री खरिद तथा तालिम | १००००० | |
| १४ | साङाक छोलिङ गुम्वा विस्खाम मर्मत तथा पुजारी सामाग्री खरीद | १००००० | |
| १५ | किराँत राई भुमेथान घेरावार | १००००० | |
| १६ | पारा भुमेथान व्यवस्थापन | १००००० | |
| १७ | सिंह कालिका देवालय संरक्षण | १५०००० | |
| १८ | हरिसे गुम्बा ममर्त | २००००० | |
| १९ | शिव मन्दिर बरफेद | १००००० | |
| २० | पारा चर्च व्यवस्थापन | १००००० | |
| २१ | उन्नत विउविजन भन्डारण | १००००० | |
| २२ | महिला लक्षित कार्यक्रम | २००००० | |
| २३ | सुनुवार सेवा समिति व्यवस्थापन | १००००० | |
| २४ | दलित बाजा सेट खरिद र तालिम | १००००० | |
| २५ | विधार्थी खेलकुद समाग्री खरिद | १००००० | |
| २६ | स्वास्थ्य चौकी फ्रिज,ग्यास चुलो सेट,क्यानुला खरिद र वर्थिङ सेन्टर व्यावस्थापन | १५०००० | |
| २७ | विपद व्यवस्थापन कोष निर्माण | १००००० | |
| २८ | युवा तथा खेलकुद | ३००००० | |
| | **जम्मा** | **९००००००** | |

## वडा नं. ३ ऐसेलुखर्कको स्वीकृत वडास्तरीय योजना तथा कार्यक्रम

| **क्र.सं.** | **योजना तथा कार्यक्रमको नाम** | **विनियोजित रकम** | **कैफियत** |
|---|---|---|---|
| १ | आहाले-राय टोल सडक निर्माण | ५००००० | |
| २ | आहाले-छुका टोल सडक मर्मत | ३००००० | |
| ३ | रैकर-धोद्रे सडक निर्माण | ६००००० | |
| ४ | गिरखेल्ने डाँडा झूले सडक निर्माण | ३५०००० | |
| ५ | आहालडाँडा टि वान सडक मर्मत | ३००००० | |
| ६ | भोग्टेनी लबुवा ओयङ सडक निर्माण | १०००००० | |
| ७ | रा.प्र.आधारभुत विद्यालय पिङडाँडा पातेल सडक निर्माण र मर्मत | ४००००० | |
| ८ | बगाले चौतारा -पारा सडक निर्माण | १०००००० | |
| ९ | जौडाँडा रिजर्भ ट्याङ्की निर्माण | ४००००० | |
| १० | ऐसेलुखर्क साविक वडा ४ खानेपानी मर्मत | १००००० | |

| | | | |
|---|---|---|---|
| ११ | ठोकर -भस्मे- पातेल खानेपानी मर्मत तथा ट्याङ्की निर्माण | ५००००० | |
| १२ | लुकुवा खानेपानी निर्माण | ३०००० | |
| १३ | खानेपानि मर्मत कोष | १००००० | |
| १४ | मुलधारा शिवमन्दिर निर्माण | १५०००० | |
| १५ | सेतिदेवी मन्दिर मर्मत | २००००० | |
| १६ | तमु गुम्वा मर्मत दिम्मा | ५०००० | |
| १७ | खेलकुद | १००००० | |
| १८ | शनिवारे हटिया चर्पी निर्माण | १५०००० | |
| १९ | बाङखोला-खत्रीगाउँ लबुवा सिंचाइ कुलो मर्मत | १५०००० | |
| २० | आहाले- थामखर्क गोरेटो बाटो मर्मत | ५०००० | |
| २१ | स्वास्थ्य औषधी खरीद | ७०००० | |
| २२ | विधुत पोल खरीद | २५००००० | |
| | **जम्मा** | **९००००००** | |

**वडा नं. ४ जलेश्वरीकोस्वीकृत वडास्तरीय योजना तथा कार्यक्रम**

| **क्र.सं.** | **योजना तथा कार्यक्रमको नाम** | **विनियोजित रकम** | **कैफियत** |
|---|---|---|---|
| १ | कात्तिके-दिप्दी-देम्लीटार सडक निर्माण | २५००००० | |
| २ | रमिते समूह भवन -काँडे ग्रामीण सडक सर्भे तथा निर्माण | १५००००० | |
| ३ | बलङ्गा सोलु -बावियोखर्क देम्लीटार सडक सर्भे तथा निर्माण | १०००००० | |
| ४ | वडा कार्यालय भवन प्राङ्गण सम्याउने र सिलिङ निर्माण | ८००००० | |
| ५ | थापादेल क्रिष्चियन चर्च भवन निर्माण | ५००००० | |
| ६ | गुराँस आधारभुत विद्यालय देखि डाँडाखर्क जाने गोरेटो मर्मत | ३००००० | |
| ७ | सिम्लेखोला थापादेल सिंचाइ कुलो मर्मत | १५०००० | |
| ८ | सिम्लेखोला दोर्पु खा.पा.यो. | २५०००० | |
| ९ | रिट्ठाबोटे खा.पा.यो. मर्मत | १००००० | |
| १० | सिम्ले मा.वि. खेलमैदान निर्माण | ४००००० | |
| ११ | गुराँस आधारभुत विद्यालय पर्खाल निर्माण | १००००० | |
| १२ | गौडेखोला काठेपुल निर्माण | १००००० | |
| १३ | तिन्टाट्ने बुलबुले खा.पा.यो. | ३००००० | |
| | **जम्मा** | **८००००००** | |

**वडा नं. ५ महेश्वरीकोस्वीकृत वडास्तरीय योजना तथा कार्यक्रम**

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | बनगाउँ सडक निर्माण | ७५०००० | |
| २ | तिन्तेफार कृषि सडक निर्माण | ७५०००० | |
| ३ | फापरस्वारा -ज्योति प्रा.वि. सडक निर्माण | ५००००० | |
| ४ | वडा कार्यालय भवन तुइनटार सडक निर्माण | ४०००००० | |
| ५ | राजबृक्ष -मेकुखोला सिंचाइ कुलो मर्मत | १६७००० | |
| ६ | चम्लादह सिंचाइ कुलो मर्मत | १६७००० | |
| ७ | दिन्कु सिंचाइ कुलो मर्मत | १६६००० | |
| ८ | बनगाउँ विद्युत विस्तार | ५००००० | |
| ९ | महिला क्षमता अभिबृद्धि | १५०००० | |
| १० | दलित चेतनामुलक तालिम | १५०००० | |
| ११ | स्वास्थ्यचौकी साल नाल हाल्ने खाडल निर्माण | ३०००० | |
| १२ | स्वास्थ्यचौकी फर्निचर निर्माण | ८०००० | |
| १३ | प्रसुति गृह सामाग्री खरीद | ३०००० | |
| १४ | आकस्मिक औषधी खरिद | ५०००० | |
| १५ | गाउँघर क्लिनिक भवन निर्माण | ७०००० | |
| १६ | स्वास्थ्यचौकी खानेपानी ट्याङ्की खरीद | २०००० | |
| १७ | स्वास्थ्यचौकी भवन मर्मत | ९०००० | |
| १८ | स्वास्थ्यचौकी भवन विधुत जडान | ३०००० | |
| १९ | ज्योति प्रा.वि.भवन मर्मत | १५०००० | |
| २० | युवा तथा खेलकुद | १५०००० | |
| २१ | किराँत संग्रहालय निर्माण | ५००००० | |
| | **जम्मा** | **८५०००००** | |

**वडा नं. ६ ज्यामिरेकोस्वीकृत वडास्तरीय योजना तथा कार्यक्रम**

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | वडा कार्यालय भवन निर्माण | २०००००० | |
| २ | कार्यालय व्यवस्थपन तथा मोटर साइकल खरिद | ५००००० | |
| ३ | सिलौरी-काभ्रे-चंखुले -सल्ले ऐसेलुखर्क सडक निर्माण | १५५०००० | |
| ४ | नेपाने-पाडेचौर-थामफेदी सडक निर्माण | ५५०००० | |
| ५ | डुम्रेधारापानी-आहाले-सिलौरीघाट सडक मर्मत | १००००० | |
| ६ | सामुदायिक स्वास्थ्य इकाइ भवन निर्माण | २५०००० | |
| ७ | कालीछागा उत्तिसे मुहान खा.पा.यो.निर्माण | ७००००० | |

| | | | |
|---|---|---|---|
| ८ | कालीखोला मुहान गरी नेपाने खा.पा.यो. | ३००००० | |
| ९ | शान्तोदय मा.वि.ग्राउण्ड तथा पर्खाल योजना | ३५०००० | |
| १० | सूर्यज्योति प्रा.वि. भवन तथा छाना मर्मत | १००००० | |
| ११ | विधुत टि.ओ.डि. मिटर जडान | २००००० | |
| १२ | महिला जागरण तथा अभिमुक्तखिकरण गोष्ठी | १००००० | |
| १३ | युवा,बालबालिका तथा खेलकुद | १००००० | |
| १४ | विविध खानेपानी मर्मत | १००००० | |
| १५ | विपद कोष | १००००० | |
| १६ | फलफुल तथा तरकारी खेती | १००००० | |
| १७ | भेडाखोर देखि साविकको मूलबाटो महेश्वरी सीमा सम्म गोरेटे बाटो निर्माण | १००००० | |
| १८ | ओखरबोटे खा.पा.यो.साविक ज्यामिरे १ | ४००००० | |
| १९ | साविक वडा न.३,४ सिमानाबाट दुदुवा रिट्ठाबोटे महेश्वरी सीमा सम्म गोरेटो बाटो | २००००० | |
| २० | स्वास्थ्य चौकी औषधि दुवानी र विधुत वाइरिङ | २००००० | |
| | **जम्मा** | ८०००००० | |

**वडा नं. ७ माक्पाकोस्वीकृत वडास्तरीय योजना तथा कार्यक्रम**

| **क्र.सं.** | **योजना तथा कार्यक्रमको नाम** | **विनियोजित रकम** | **कैफियत** |
|---|---|---|---|
| १ | स्वास्थ्य औषधी ढुवानी तथा खरीद | ८४००० | |
| २ | महिला तान बुनाई कार्यक्रम | १००००० | |
| ३ | अपांग क्षमता विकास | १००००० | |
| ४ | बालबालिका प्रशिक्षण तथा प्रतिभा विकास | ६०००० | |
| ५ | जेष्ठ नागरिक सम्मान | ५०००० | |
| ६ | शाकेला सिली संरक्षण | ५०००० | |
| ७ | भलिवल खेल क्मैदान निर्माण | ३००००० | |
| ८ | जीर्ण खानेपानी मर्मत | २७१६००० | |
| ९ | मुलबाटो मर्मत | १५०००० | |
| १० | स्थानिय सिंचाइ मर्मत | ३००००० | |
| ११ | पेल्ट्रिक सेट मर्मत | २०००० | |
| १२ | मोटर साइकल खरीद | ३००००० | |
| १३ | सडक निर्माण | ४२७०००० | |
| | **जम्मा** | ८५००००० | |

| | | |
|---|---|---|
| **वडा भरिको कुल जम्मा** | **६००००००००** | |

## गाउँपालिकास्तरको विषयगत योजना तथा कार्यक्रम

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | सडक पुर्वाधार | ४८०२०००० | |
| २ | शिक्षा | २३०००००० | |
| ३ | सिंचाइ | ११०००००० | |
| ४ | खानेपानी | ७०१६००० | |
| ५ | स्वास्थ्य | १३८४००० | |
| ६ | युवा तथा खेलकुद | १९५०००० | |
| ७ | युवा स्वरोजगार कार्यक्रम | २५०००००० | |
| ८ | खेलमैदान निर्माण | ७०००००० | |
| ९ | विज्ञान प्रविधि | २०००००० | |
| १० | अंग्रेजी माध्यमबाट कक्षा संचालन व्यवस्थापन | १०००००० | |
| ११ | गोरेटो बाटो निर्माण | १०००००० | |
| १२ | विधुत | ३९२०००० | |
| १३ | विपद व्यवस्थापन | २३९४९७४ | |
| १४ | धर्म संस्कृत,मठ मन्दिर | ३४००००० | |
| १५ | महिला सशक्तिकरण | १५५०००० | |
| १६ | लक्षित वर्ग कार्यक्रम | ७६००००० | |
| १७ | कृषि पशु वन तथा वातावरण | ८५००००० | |
| १८ | वडा कार्यालय भवन निर्माण तथा कार्यालय व्यवस्थापन | ७६०००००० | |
| १९ | सवारी साधन खरिद | १०८०००००० | |
| २० | प्राथमिक स्वास्थ्य केन्द्र ऐसेलुखर्क पोष्टमार्टम घर निर्माण | ५०००००० | |
| २१ | प्राथमिक स्वास्थ्य केन्द्र ऐसेलुखर्क कर्मचारी आवास निर्माण | १०००००० | |
| २२ | समपुरक कोष | ४५०००००० | |
| २३ | पर्यटन | १५००००० | |
| २४ | ऐसेलुखर्क शनिवारे हटिया सार्वजनिक शौचालय निर्माण | १५००००० | |
| २५ | काठेपुल निर्माण | १००००० | |

| | | | |
|---|---|---|---|
| २६ | प्रोफाइल निर्माण | १५०००० | |
| २७ | कृषि सम्बन्धि मन्त्रालयगत कार्यक्रम | ५७७०५०० | |
| २८ | पशु सेवा सम्बन्धि मन्त्रालयगत कार्यक्रम | १८४३८८० | |
| २९ | सूचनाको हक सम्बन्धि आधारभुत पत्रकारिता तालिम | २००००० | |
| ३० | विविध | ३२२३४२० | |
| | **जम्मा** | **११९१८२७७४** | |

## गाउँपालिकास्तरको योजना तथा कार्यक्रम

| **क्र.सं.** | **योजना तथा कार्यक्रमको नाम** | **विनियोजित रकम** |
|---|---|---|
| १ | सडक पुर्वाधार | १४०००००० |
| २ | मठ मन्दिर | ७००००० |
| ३ | युवा स्वरोजगार कार्यक्रम | २५००००० |
| ४ | खेलकुद संचालन | १०००००० |
| ५ | खेलमैदान निर्माण | ७००००० |
| ६ | विज्ञान प्रविधि | २०००००० |
| ७ | अंग्रेजी माध्यमबाट कक्षा संचालन व्यवस्थापन | १०००००० |
| ८ | विपद व्यवस्थापन | २०४४९७४ |
| ९ | धर्म संस्कृति तथा भाषा संरक्षण | ५००००० |
| १० | महिला सशक्तिकरण | १०००००० |
| ११ | कृषि वन तथा वातावरण | ५००००० |
| १२ | सवारी साधन खरिद | १०००००० |
| १३ | प्राथमिक स्वास्थ्य केन्द्र ऐसेलुखर्क पोष्टमार्टम घर निर्माण | ५००००० |
| १४ | प्राथमिक स्वास्थ्य केन्द्र ऐसेलुखर्क कर्मचारी आवास निर्माण | १०००००० |
| १५ | समपुरक कोष | ४५००००० |
| १६ | पर्यटन पुर्वाधार | १५००००० |
| १७ | त्रिभुवन मावि समीक्षालय हल सोलिङ र प्लाष्टर | २००००० |
| १८ | कृषि सम्बन्धि मन्त्रालयगत कार्यक्रम | ५७७०५०० |
| १९ | पशु सेवा सम्बन्धि मन्त्रालयगत कार्यक्रम | १८४३८८० |
| २० | वडा कार्यालय र कार्यालय व्यवस्थापन | ४८००००० |
| २१ | फरक क्षमता सम्बन्धि कार्यक्रम | २००००० |
| २२ | विविध | २९२३४२० |

| | | जम्मा | ५९११८२७७४ |
|---|---|---|---|

## चालु खर्च

| क्र.सं. | खर्च सङ्केत | खर्च शीर्षक | रकम |
|---|---|---|---|
| १ | २११०० | पाधिकारी पारिश्रिमक सुविधा | ३२०००० |
| २ | २११११ | तलब | १०००००० |
| ३ | २१११२ | स्थानीय भत्ता | ९०००० |
| ४ | २१११३ | महगी भत्ता | ४०००० |
| ५ | २१११९ | अन्य भत्ता | २००००० |
| ६ | २११२१ | पोशाक | ३०००० |
| ७ | २२१११ | पानी तथा बिजुली | २००० |
| ८ | २२११२ | सञ्चार महशुल | ३५०००० |
| ९ | २२१२१ | घर भाडा | ४५०००० |
| १० | २२१२२ | अन्य भाडा | १०००० |
| ११ | २२२११ | इन्धन | ५०००० |
| १२ | १२२१२ | सञ्चालन तथा मर्मत सम्भार | ४०००० |
| १३ | २२२१३ | वीमा | २५०००० |
| १४ | २२३११ | कार्यालय सम्वन्धी खर्च | २५०७५९१ |
| १५ | २२३१३ | पुस्तक तथा सामाग्री खर्च | २०००० |
| १६ | २२३१४ | इन्धन अन्य प्रयोजन | १५०००० |
| १७ | २२४१२ | अन्य सेवा शुल्क | १५००००० |
| १८ | २२५११ | कर्मचारी तथा पदाधिकारी तालिम | ५०००० |
| १९ | २२५१२ | सिप विकास र जनचेतना तालिम तथा गोष्ठी सम्बन्धि खर्च | ६०००० |
| २० | २२५२२ | कार्यक्रम खर्च | ५०००० |
| २१ | २२६११ | अनुगमन मूल्याङ्कन खर्च | ४०००० |
| २२ | २२६१२ | भ्रमण खर्च | १५००००० |
| २३ | २२७११ | विविध खर्च | १००००० |
| २४ | २२९११ | भैपरी आउने चालु खर्च | ६०००० |
| २५ | | ७ वटै वडालाई चालु खर्च | ९८००००० |
| **कुल जम्मा** | | | **३८१२७५९१** |

**निर्णय नं. ४** यस ऐसेलुखर्क गाउँपालिकाको कार्यालय हाल भाडामा बसि रहेको कार्यालयको आफ्नो भवन नरहेकोले कार्यालउयले आफ्नो जग्गा प्राप्तिको लागि ऐसेलुखर्क बजार क्षेत्रमा रहेको सडक बाटोको आसपास ५०० मि. दुरीमा गिटखेल्ने डाँडा - दक्षिणमा होप्चु टोल सम्म को क्षेत्र भित्र कम्तीमा १० (दश) रोपनी सडक बाटोले छोएको वा सडक बाटो सम्म आईपुग्ने बाटो हुने गरिएको जग्गा कोही कसै व्याक्ति वा संस्था सँग निशुल्क उपलब्ध गराउनको लागि सूचना आब्हान गर्ने साथै यस क्षेत्रमा खेलकुद क्षेत्र भित्र कै आसपासमा सडगक बाटोको १ (एक) कि.मी. दुरीमा कम्तीमा १५ रोपनी जग्गा निशुल्क उपलब्ध गराउनको लागि सूचना आब्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** आ.ब. २०७४/०७५ मा यस गाउँपालिका क्षेत्र भित्र कुनै पनि निजी तथा गैर सरकारी संघ संस्थाले सञ्चालन गर्ने कार्यक्रमहरुलाई प्रस्तावनाको आधारमा सञ्चालन गर्न स्वीकृत दिने निर्णय गरियो ।

**निर्णय नं. ६** हाल सम्म यस गाउँ कार्यपालिकाले गरेका सम्पूर्ण निर्णयहरु अनुमोदनका लागि गाउँ सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**मिति २०७४ साल असोज २ गते ऐसेलुखर्क गाउँकार्यपालिकाको बैठकका निर्णयहरु ।**

**निर्णय नं. १** यस गाउँपालिका क्षेत्र भित्रका सबै वडा कार्यालयमा कार्यालय सहयोगी नरहेको रहेका वडाहरुमा समेत निम्न सेवा सुबिधा पाई रहेकोले नियमित रुपमा काम काज गरि रहेका वडा कार्यालयका र गाउँपालिकामा रहेका कार्यालय सहयोगीहरुको करार सम्झौता गर्ने र सहयोगी नभएका वडा कार्यालयमा आबश्यक प्रक्रिया पुरा गरी सहयोगी नियुक्ति गर्ने साथै सबै वडाका कार्यालय सहयोगीहरुको मासिक तलब रु १०,०००।- (दश हजार) भुक्तानी दिने र गाउँपालिकाको कार्यालय सहयोगी लाई नियमानुसार तलब भत्ता भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २** यस गाउँपालिका क्षेत्र भित्रका सबै वडामा वडा समितिको बैठक र राजश्व परामर्श बजेट सिमा निर्धारण समिती बजेट तथा कार्यक्रम तर्जुमा समिती बैठकका बैठक भत्ता बापद रु १,०००।- (एक हजार) प्रति बैठक, गाउँकार्यपालिकाको र गाउँसभाको बैठकको प्रति बैठक रु १५,००।- (एक हजार पाँच सय) कर सहित भुक्तानी गर्ने र नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गरे बापद क्रमश : ५,०००।- (पाँच हजार) भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** हिन्दुहरुको महान चाड बडा दशैको अबशरमा सम्पूर्ण गाउँपालिका बासीहरुमा सुख, शान्ति, एंव समृद्धिबो उत्तरोत्तर प्रगतिको कामना गर्ने साथै गाउँपालिकाको तर्फबाट सुभकाकना सन्देश रेडियो मार्फत पनि प्रशारण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** गाउँपालिका क्षेत्र भित्र रहेका टोल टोलका बाटो घाटोहरु आम उपभोक्ताहरु बट आ-आफ्नो टोल टोलमा सरसफाई गर्नका लागि गाउँ बासीहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** गाउँपालिकाको बजेट बाट विविध सिर्शकमा विनियोजन भएको रकम मध्ये बाट कालिका बालविकास मा.वि. राखाबाङ्देल लाई +२ सञ्चालनार्थ पुस्ताकालय सञ्चालन र फर्निचर निर्माणको लागि (६०,००० + ६०,०००) रु. १,२०,०००।- (एक लाख विस हजार) उपलब्ध गराउने निर्णय गरियो ।

**मिति २०७४ साल असोज २६ गते ऐसेलुखर्क गाउँकार्यपालिकाको बैठकको निर्णयहरु ।**

**निर्णय नं. १** यस गाउँपालिका क्षेत्रमा हाल सम्म केन्द्रीय विद्युत विस्तार नभएको ७ (सात) वटै वडामा केन्द्रीय विद्युत विस्तार गर्नको लागी आबश्यक बजेट के कती लाग्छ भन्ने सबै नक्साङ्कन गर्नको लागि नेपाल विद्युत प्राधिकरण वितरण शाखा दिक्तेललाई र सबै नक्साङ्कन बमोजिम विद्युत विस्तार गर्न बजेट विनियोजन सहित कार्यान्वायन गर्नको लागि नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालय काठमाण्डौं लाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** नेपाल वायरलेस कम्पनीले यस गाउँपालिका क्षेत्र भित्रका सबै वडा कार्यालय, स्वास्थ्य संस्थाहरु एवं विद्यालयहरुमा इन्टरनेट जडान गर्ने काममा सहकार्यका लागि गाउँपालिका समेत इच्छुक भएकाले इन्टरनेट जडानका लागि आबश्यक विरिण उपलब्ध गराई उक्त कम्पनीलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** यस ऐसेलुखर्क गाउँपालिकाको आवधिक योजना निमार्ण हाल सम्म नभएको आवधिक योजना निर्माणका लागि दक्ष जनशक्ति अभाव रहेको साथै योजना तर्जुममा सम्बन्धी पर्याटन ज्ञान नभएकोले गाउँपालिकाको आवधिक योजना निर्माणको लागि आर्थिक एवं प्राविधिक सहयोग उपलब्ध गराई दिनको लागि श्री हेल्भेटास नेपाल र Head of Carparati On (SDC) नेपाल सँग अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ यस गाउँपालिकाको क्षेत्र भित्र रहेको युवाहरुलाई क्षमता अभिवृद्धि एवम् सीप मुलक तालिम सञ्चालन गर्न वडाहरुबाट समेत माग भई आएकोले सम्पूर्ण वडाहरुको माग संकलन गरी तालिम सन्चालानार्थ CTEVT लाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** स्थानीय तहको निर्वाचन सम्पन्न भई जन प्रतिनिधीहरुको पद बहाली भएको १०० दिन पुगेको अवसर सम्म यस गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता वितरण घरघरबाट प्रदान गरिएको, विभिन्न प्रकारका ऐन कानुनको तर्जुमा गरी बजेट सभा सम्पन्न गरी कार्यक्रमहरु क्षार्यन्वयनको चरणमा रहेको, रावाखोला- माक्पा - ऐसेलुखर्क सडक मर्मतको काम सम्पन्न भएको, वडा कार्यालयहरु व्यबस्थापनको काम भई रहेको, नीति तथा

कार्यक्रम पारित गरिएको र अन्य जनमुखि कामहरु हुदै गरेको एवम् प्रतिकुल मौसमका कारणले विकास निमार्णका कारण केही असहज वातावरण भएको भए पनि कामलाई निरन्तरता दिई रहेकोले हाल सम्मको कामको प्रगति सन्तोषजनक रहेको समीक्षा गरियो ।

**निर्णय नं. ६** दुमी राई सास्कृतिक टोली माक्पा लाई ऐसेलुखर्कमा सञ्चालन भएको सास्कृतिक कार्यक्रमको लागि गाउँपालिका बाट रु. १५,०००/- (पन्ध्र हजार) भुक्तानी दिनको लागि कार्यक्रम सञ्चालकहरुसँग विल भरपाई माग गरी भुक्तानी दिने निर्णय गरियो ।

## मिति २०७४ साल मंसिर १८ गते ऐसेलुखर्क गाउँकार्यपालिकाको बैठकको निर्णयहरु ।

**निर्णय नं. १** यस गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुने सबै प्रकारका योजनाहरु सञ्चालन गर्दा एक वटा वडामा मात्र सञ्चालन हुने योजना भएका सम्बन्धीत वडाको अध्यक्ष वा सदस्यको रोहवरमा उभोक्ता समिती गठन गरी उपभोक्ता समिती गठन गरी उपभोक्ता समिती मार्फत योजना सञ्चालन गर्ने र एक भन्दा बढी वडामा सञ्चालन हुने योजनाहरु भएको अबस्थामा योजना सञ्चालनको अन्तिम विन्दु भएको वडाको वडाध्यक्षको संयोजकत्वमा भेला वसी सेवा क्षेत्रका सबै उपभोक्ताहरुको भेलाबाट उभोक्ता समिती गढन गरी योजना सञ्चालन गर्ने र सोको जानाकारी सम्बन्धीत विषयगत समितिलाई उपलब्ध गराउने साथै सडक निमार्ण योजनाको लागी कम्तीमा ३ वटा कम्पनीको उपस्थितीमा घटाघट गराई बकेटबाट खनाईएको लागि अधिकतम रु. ५५००।-(पाँच हजार पाँच सय) र ब्रकरको लागि रु. ७५००।-(सात हजार पाँच सय रुपैयामा खनाउन उपभोक्ता समितीलाई निर्देशन गर्ने निर्णय गरियो । साथै गाउँपालिकाको विषयगत समिती शिर्षकमा छुट्याएको रकम सम्बन्धीत विषयगत समिती मार्फत सञ्चालन गर्न विषयगत समितीलाई सकृय बनाउने निर्णय गरियो ।

**निर्णय नं. २** यस गाउँपालिकाको लागि सवारी साधन खरीद र जे.सी.वि. खरीदको लागि आबश्यक कानुनी प्रकृया तत्काल अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ३** यस प्राथामिक स्वास्थ्य केन्द्र ऐसेलुखर्कमा रहेको एम्बुलेन्स सञ्चालनको लागि एम्बुलेन्स ड्राइभर नियुक्तिको सम्पूर्ण जिम्मा प्रमुख प्रशासकिय अधिकृत श्री जीवन निरौला लाई उपलब्ध गराउने र एम्बुलेन्स सञ्चालन गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुदा ड्रइभरलाई कुनै पनि प्रोत्साहनभत्ता उपलब्ध नगराउने र गाउँपालिका क्षेत्र बाहिर सञ्चालन हुदा गाउँपालिकालाई प्राप्त हुने रकम बाट १० प्रतिशत रकम प्रोत्साहन भत्ता बापत उपलब्ध गराउने निर्णय गरियो ।

यस गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुने सार्वजनिक तथा निजी यातायात र ट्याक्टर तथा ट्रक सञ्चालन र भाडादर सम्बन्धी विषयमा व्याबस्थापन गर्न तपशिल बमोजिमको एक कार्यदल गठन गर्ने निर्णय गरियो ।

**तपशील**

संयोजक श्री विश्वनाथ निरौला गा.पा. अध्यक्ष

सदस्य श्री पुष्पकला भुजेल गा.पा. उपाध्यक्ष

सदस्य श्री फुल कमल राई कार्यपालिका सदस्य

सदस्य श्री राजेश कुमार राजभण्डारी कार्यपालिका सदस्य

सदस्य सचिव श्री जीवन निरौला प्रमुख प्रशासकिय अधिकृत

**निर्णय नं. ५** खानेपानी तथा सरसफाई सब डिभिजन कार्यालय खोटाङ बाट प्राप्त हुने रकमको विपद शिर्सक मार्फत उपभोक्ताहरुबाट निवेदन संकलन गरी वडा बाट शिफरिसका आधारमा खानेपानीको पाईप वितरण गर्नको लागि गाउँपालिकाले एक मुष्ट पाइप खरीद गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** यस गाउँपालिकाको पार्श्चर्च चित्र निमार्ण गर्नको लागि सबै वडामा एक रुपता ल्याई डाटा संकलन गर्न तपशिल बमोजिमको समिती गठन गर्ने निर्णय गरियो ।

**तपशील**

संयोजक श्री फुल कमल राई

सदस्य श्री झन कुमार राई

सदस्य सचिव श्री युवराज  फुयल

**निणय नं. ७** शिक्षा ऐन २०७३ को दफा १३९ मा भएको व्याबस्था अनुसार यस गाउँ शिक्षा समितीमा तपशील बमोजिमका पदाधिकारीहरु च्यन गर्ने विनर्णय गरियो ।

**तपशील**

अध्यक्ष श्री विश्वनाथ निरौला (गा.पा. अध्यक्ष)

सदस्य श्री पुष्पकला भुजेल (गा.पा. उपाध्यक्ष)

सदस्य श्री राजेश कुमार राजभण्डारी (कार्यपालिका सदस्य)

सदस्य श्री टेक बहादुर क्षेत्री (सामुदायिक विद्यालय प्र.अ.)

सदस्य श्री मिश्रा खुलाल बस्नेत (सामुदायिक विद्यालय प्र.अ.) जनकल्याण प्रा.वि.

**निर्णय नं. ८** यस गाउँपालिकाको भवन निमार्ण गर्न निशुल्क जग्गा प्राप्तीको लागि कात्तिक मसान्त सम्मको सूचना प्रशारण पश्चात निवेदन प्राप्त हुन आएका जग्गाहरु मध्ये उपयुक्तता छनौंट गर्न आजको मितिले ३० दिन भित्र गाउँपमलिकामा प्रतिवेदन पेश गर्न तपशिलका पदाधिकारी रहने एक जग्गा छनौंट समिती गठन गर्ने निर्णय गरियो ।

**तपशील**

संयोजक श्री विश्वनाथ निरौला (गा.पा. अध्यक्ष)

सदस्य श्री पुष्पकला भुजेल (गा.पा. उपाध्यक्ष)

सदस्य श्री राजेश कुमार राजभण्डारी (कार्यपालिका सदस्य)

सदस्य श्री फुल कमल राई (कार्यपालिका सदस्य)

सदस्य श्री झन कुमार राई (कार्यपालिका सदस्य)

सदस्य श्री चमेली विश्वकर्मा (कार्यपालिका सदस्य)

सदस्य सचिव श्री युवराज फुयल ना.सु.

**निर्णय नं. ९** यस गाउँपालिकाका ७ वटै वडा कार्यालयमा मालपव्त कार्यालय खोटाङ बाट मालपोतको लगत सारेर कार्यालयमा २०७४ माघ मसान्त सम्म ल्याई सबै वडा सचिवहरुलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०** यस गाउँपालिकाका सम्पूर्ण पदाधिकारीहरुलाई आवश्यकताका आधारमा क्षमता विकास सम्बन्धी तालिम विषयक बस्तु समेत छनौट गरी सञ्चालन गर्ने भने मिति २०७४।८।२१ र २२ गते तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११** यस गाउँपालिकाका क्षेत्र भित्रका सबै विद्यालयका व्याबस्थापन समिती अध्यक्षहरुलाई विद्यालय सञ्चालन रेखदेख लगाएत विषयमा २ दिने तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२** विभिन्न प्रकारका दैवी विपत्तीबाट गाउँपालिका क्षेत्र भित्र कुनै पनि व्याक्ति निजी घर भौतिक रुपमा क्षती भएका के कति उपलब्ध गराउने भन्ने सम्बन्धमा विपद व्याबस्थापन समितीबाट प्रतिवेदन १५ दिन भित्र माग गरी अर्को कार्यपालिका बैठकले सो प्रतिवेदन माथी निर्णय गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३** कुनै पनि वडामा कुनै पनि योजनामा एकमुष्ट रकम विनियोजन भई योजना सञ्चालनगर्न बाधा व्यबस्था उत्पन्न भएकोले सम्बन्धीत वडा समितीको बैठकले एक मुष्ट रकम विनियोजन भएको योजनाको कुन कुन टोल सम्म कुन कुन योजना सञ्चालन हुने हो सुरु विन्दु र अन्तिम विन्दु एकिन गरी सो को रकम समेत किटान गरे पश्चि मात्र योजना सम्झौता हुने भएकोले वडा समिती बैठकले माथि उल्लेख भएबमोजिम योजना र बजेट तत्काल बाँडफाँड गरी गमउँपालिकामा पेश गर्ने निर्णय गरियो ।

**मिति २०७४ साल पौष ०६ गते ऐसेलुखर्क गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु ।**

**निर्णय नं. १** यस गाउँपालिका क्षेत्र भित्र विभिन्न प्रकारका विपद, आगलागी, चट्याङ लगाएतबाट निजी घर घरबारी सहितको जग्गा जमिन क्षति भएको हावा हुरी आदिबाट ज्यानै मरेमा तपशील बमोजिम राहात सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**तपशील**

१. आगलागी राहात दिने आधार ।

(क) सम्पूर्ण घर, लत्ता कपडा, अन्नबाली सम्पूर्ण जली नस्ट भएमा रु. २०,०००।- (विस हजार) मात्र दिने ।

(ख) आगलागीबाट घर लत्ता बपडा जली नस्ट भएमा रु. १०,०००।- (दश हजार) मात्र दिने ।

२. बाढी पहिरोबाट राहात दिने आधार ।

(क) घर पुरै बाढी पहिरोले बगाएमा रु. २०,०००।- (विस हजार) मात्र ।

(ख) बाढीले घर पुरेको, बस्न नहुने अबस्था भएमा रकम रु. १०,०००।- (दश हजार) मात्र दिने ।

(ग) बाढी पहिरोले ज्यान बेपत्ता बनाएमा किरीया खर्च बापद प्रति मृतक रु. १०,०००।- ( दश हजार) मात्र दिने ।

३. हावाहुरी बाट क्षेतीको राहात दिने आधार ।

(क) आर्थिक स्थिति कमोजर भएको व्यक्तिको मुलघर उडाएमा रु. ५०००।- (पाँच हजार) मात्र दिने ।

(ख) अन्न बालि खोला पैरोले बगाएमा अबस्था हेरी रु. ५ हजार देखि १० हजार सम्म उपलब्ध गराउने ।

(ग) खानेपानी, पुल पुलेसा बगाएमा वा डढेमा क्षतिका आधारमा अबस्था हेरी राहात उपलबध गराउने ।

(घ) आगलागी, चट्याङ, बाढी पहिरोबाट घाइते भै स्थानिय स्तरमा उपचार हुन नसकेमा डाक्टरको शिफारिसको आधारमा उपचार खर्च बापद प्रति घाइते रु. ५०००।- (पाँच हजार मात्र) उपलब्ध गराउने ।

**निर्णय नं. २** अघिल्लो बैठकमा भए गरेको विभिन्न निर्णयहरु मध्ये धेरै निर्णय कार्यान्वयन भै सकेको बाकी रहेका यातायात भाडा निर्धारण र ट्याक्टर व्याबस्थापन, प्रोफायल निमार्ण, गाउँपालिकाको जग्गा प्राप्ती लगाएतका विषयहरुको २०७४ पौष मसान्त सम्ममा कार्यान्वयन गरी सक्ने समिक्षा गरियो । साथै जगा प्राप्ति सम्बन्धी छनोट समितीमा गाउँपालिका अध्यक्ष श्री विश्वनाथ निरौला संयोजक रहेको समिती गठन भएकोमा उक्त समितीको संयोजक गाउँपालिकाका उपाध्यक्ष श्री पुष्पकला भुजेललाई हस्तान्तरण गर्ने र सो समितीमा प्रमुख प्रशासकिय अधिकृत श्री जीवन निरौलालाई सदस्य पदमा मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** घरेलु तथा साना उद्योग विकास समिती खोटाङबाट ७ दिने डकर्मी रिफ्रेसर तालिम सञ्चालनका लागि -गाउँपालिका भित्र २५ जना) ऐसेलुखर्क बजार शनिबारे हटियामा सार्वजनिक सौचालय निमार्ण गर्ने र सो को लागि जग्गा छनोट गर्न ३ नं. वडा अध्यक्ष श्री राजेश कुमार राजभण्डारी लाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो । र तालिम २०७४ पौष २४ बाट सञ्चालन हुने र प्रशिक्षर्थी लाई जानकारी वडा वडामा गराउने समेत निर्णय गरियो ।

**निर्णय नं. ४** यस गाउँपालिका क्षेत्र भित्र रहेका कुनै पनि नागरिकमा कडा रोग (क्यान्सर, मृगौला र मुटु) का लागि उपचारमा आर्थिक अबस्था कम्जोर भएका कारण समस्या भएमा स्वास्थ्य संथाको प्रमाण वडा कार्यालयको शिफारिस र जन्म मिति खुल्ने कागजातको आधारमा रु. ५०,०००।- (पचास हजार मात्र) एक मुष्ट राहात सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५** यस गाउँपालिकाको बजेट सभाबाट विविध शिर्षकमा विनियोजन भएको रकम लाई विभिन्न वडाहरुबाट माग भै आएमा र वडा कार्यालयबाट सम्बोधन हुन नसकेमा तपशीलका योजनाहरुमा प्राविधिक मूल्याङ्कन, उपभोक्ता समिती गठन लगाएतका कानुनी प्रकृया पुरा भए पछि रकम भुक्तानी गराउने निर्णय गरियो ।

**तपशील**

१. सरस्वती प्रा.वि. जलेश्वरी - कर्कटपाता

२. शिशु विकास केन्द्र दाम्ली - कर्कटपाता

३. सेतो गुराँस बालविकास केन्द्र मर्मत - रु. ६०,०००।- ( साठ्ठी हजार मात्र)

४. चन्द्र कन्या प्रा.वि. माक्पा - छाना मर्मत

५. बेप्ला पुछार कुलो मर्मत - रु. ८०,०००।- (असि हजार मात्र)

६. कालिका प्रा.वि. ज्यामिरे - छाना निमार्ण

७. जालापा प्रा.वि. माक्पा - छाना निमार्ण

८. रावा खोला पुल (सप्तेश्वर राखा) क्षमता छपाई

९. मेख खोला पुल मर्मत

१०. टेलिफोन टावर निमार्ण - राखाबाङ्देल

११. इलाका पैहरी कार्यालय मर्मत - स्टीमेट बमोजिम

१२. लिदिङ्खोला पुल मर्मत (ऐसेलुखर्क - राखाबाङ्देल) पातेल

**निर्णय नं. ६** यस गाउँपालिकाले स्वरोजगार तालिम सञ्चालनका लागि १०० जनाले कोटा निर्धारण भएकोमा मेसनको लागि ६० जना र कार्पेन्टरको लागि ४० जनाको ग्रुप निर्धारण गरी तालिम सञ्चालन गर्ने र सो को जिम्मेवारी गाउँपालिका अध्यक्ष श्री विश्वनाथ निरौला र वडा नं. ७ का अध्यक्ष श्री फुल कमल राई लाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७** विविध सिर्षक बाट रु.३,२६,९००।- र महिला सशक्तिकरण शिर्षकबाट रु. १,००,०००।- गरी जम्मा रु. ४,२६,९००।- महिला तथा बालबालिका कार्यक्रम स्वीकृत भए पश्चात मात्र खर्च गर्ने गरी महिला बालबालिका शिर्षकमा विनियोजन गर्ने निर्णय गरियो ।

## मिति २०७४ साल पौष १७ गते गाउँकार्यपालिकाको बैठकका निर्णयहरु ।

**निर्णय नं. १** विगतका बैठकको समिक्षा अर्न्तगत यस गाउँपालिका लाई निशुल्क जग्गा प्राप्तिका लागी परेका निवेदनहरु माथी सम्बन्धीत जग्गामा गई बस्तु स्थिती बिश्लेषण सहित आबश्यकता र सुचक तयारी गरी मिति २०७४ पौष २० गते विहीबार अनुगमनमा जाने र निवेदकहरुलाई सम्बन्धीत स्थानमा उपस्थित हुन पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** स्थानीय सरकार सञ्चालन तथा बजेट तर्जुमा सम्बन्धी गाउँपालिका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकिय अधिकृतका लागि मिति २०७४ पौष ८,९ र १० गते दिक्तेलमा भएको अभिमुखिकरण कार्यक्रमको बारेमा गाउँपालिका प्रमुख ज्यू र उपप्रमुख ज्यू

बाट सबै कार्यपालिकाका सदस्य ज्यूहरु लाई कार्यन्वयन  गर्न गराउन कार्यपालिका बैठकमा जानकारी गराईयो र कार्यान्व्यन गर्न प्रतिबद्धता व्यक्त गरियो ।

**निर्णय नं. ३** पशुसेवा शाखा बाट सञ्चालन हुने तपशिलका कार्यक्रमहरु तपशीलको वडामा सञ्चालन गर्ने निर्णय गरियो ।

**तपशील**

१. वीर सुँगुर वितरण ७ वटै वडामा ।

२. बोका वितरण ७ वटै वडामा ।

३. रागाँ - माक्पा, बाकाचोल, ऐसेलुखर्क र जलेश्वरी ।

४ नर्सरीको लागि सूचना आब्हान गर्ने ।

५. मासु पसल- ऐसेलुखर्क ।

६. बंगुर पसल - महेश्वरी ।

७. कुखुरा पालन - राखाबाङ्देल ।

८. बाख्रा पालन - ज्यामिरे ।

**निर्णय नं. ५** यस गाउँपालिकामा भए गरेका सबै प्रकारका योजना आयोजनाहरु र अन्य सबै प्रकारका काम कारबाहीको अनुगमन गर्न तपशील बमोजिमको गाउँपालिका स्तरीय अनुगमन समिती गठन गर्ने निर्णय गरियो ।

**तपशील**

संयोजक श्री विश्वनाथ निरौला
सदस्य श्री पुष्पकला भुजेल
सदस्य श्री फुल कमल राई
सदस्य श्री राजेश कुमार राजभण्डारी
सदस्य श्री दिल बहादुर राई
सदस्य श्री छिरिङलमु शेर्पा
सदस्य श्री चमेली विश्वकर्मा
सदस्य श्री जीवन निरौला
सदस्य श्री झन कुमार राई नाछिरिङ

**मिति २०७४ साल माघ १९ ऐसेलुखर्क गाउँपालिकाको बैठकका निर्णयहरु**

**निर्णय नं. १** यस भन्दा अगाडीको कार्यपालिका बैठकबाट गाउँपालिकालाई जग्गा प्राप्ति सम्बन्धी विषयमा प्रतिवेदन पेश गर्न गठित समितीबाट जग्गाको स्थलगत अध्यायन भै सकेको र समितीको बैठक बसि तत्काल प्रतिवेदन कार्यपालिकामा पेश गर्न समितीलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** यस गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुने एक लाख भन्दा कम रकममा सबै योजनाहरु गा.पा. बाट सम्झौता गर्ने र काम सम्पन्न गरे पश्चात मात्र उ.स. अध्यक्षको नाममा विल भरपाई प्राविधिक मूल्याङ्कन समेतका आधारमा भुक्तानी दिने र विद्यालयको लागि विनियोजित भएको उल्लेखित रकम निर्वाचित प्रतिनिधि वि.व्या.स.को अध्यक्ष भएकोमा बाहेक विद्यालयको खातामा निकासा दिने अन्याथा उ.स. मार्फत योजना सञ्चालन गर्न सक्ने निर्णय गरियो ।

**निर्णय नं. ३** यस गाउँपालिकाबाट प्रतेक वडाको लागि विनियोजन भएको चालु खर्च मध्ये प्रतेक वडाबाट ख ३,००,०००।- का दरले एकमुष्ट २१,००,०००।- गाउँ पालिकाको पुँजीगत खर्चको विविध शिर्षकमा रकमान्तर गर्ने र सोहि विविध शिर्षकबाट X – Ray विल्डीङ ( प्रा.स्वा.के.) ऐसेलुखर्कको प्राविधिक ल.इ.का. आधारमा भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ४** महिला ढाका बुनाई कार्यक्रम (गा.पा. स्तरीय) सञ्चालन गर्न वडा नं. ७ माक्पा को महिला सशक्तिकरण शिर्षक बाट १,००,०००।- गा.पा. को महिला शसक्तिकरण शिर्षकबाट २,००,०००।- र घरेलु तथा साना उद्योग विकास शाखाको २,००,०००।- गरी कुल जम्मा ५,००,०००।- को सयुक्त कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** यस गाउँपालिकामा सञ्चालन भएका र हुने सर्बे प्रकारका योजनाहरुको आयोजना व्यबस्थापन खर्च बापद प्रतेक योजनाबाट विनियोजित  बजेटको ४ प्रतिशत आयोजना व्यबस्थापन खर्च (कन्टेन्जेन्सी) बापद कट्टा गरी एक कोषमा जम्मा गर्ने र सो

कोषबाट आयोजना व्यबस्थापन, अनुगमन, मूल्याङ्कन लगायत कार्यमा खर्च गर्ने र हाल सम्म आयोजना व्यबस्थापन खर्च वापद कट्टा भएको रकमलाई समेत सोहि कोषमा जम्मा गरी खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** यस ऐसेलुखर्क गा.पा. मा विभिन्न पदहरुको स्थायी/अस्थायी/करार सेवामा पदपूर्तिका लागि सञ्चालन गरिने परीक्षामा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी मापदण्ड २०७४ लाई अनुममोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७** तपशिलका वडा कार्यालयहरुबाट वडा समिती मार्फत बजेट सभामा पेश हुन आएमा योजनाहरु मध्ये विविध कारणले एकमुष्ट रुपमा आएका योजनाहरुलाई पून वडा समितीबाट शिर्षकगत रुपमा वजेट विनियोजन भै आएका तपशीलका योजनाहरु लाई अनुमोदन गर्ने निर्णय गरियो ।

**तपशील**

| सि.न. | योजनाको नाम | ठगाना | रकम रु. |
|---|---|---|---|
| १ | वडा कार्यालयको ग्राउण्ड सम्याउने र सिलिङ निमार्ण | जलेश्वरी | ५,००,०००।- |
| २ | मोटर साइकल खरिद (वडा) | जलेश्वरी | २,५०,०००।- |
| ३ | वडा कार्यालय सोलार खरिद | जलेश्वरी | ५०,०००।- |
| ४ | बेव्ला भोलिवल खेल मैदान निर्माण | माक्पा | १,५०,०००।- |
| ५ | लेवा भोलिवल खेल मैदान निर्माण | माक्पा | १,५०,०००।- |
| ६ | आहाले- बगाले सडक मर्मत | माक्पा | २,७०,०००।- |
| ७ | नोरुङ- लेवा- चहनटार सडक निर्माण | माक्पा | २५,००,०००।- |
| ८ | मालागिरी-लम्बु सडक निर्माण | माक्पा | १५,००,०००।- |
| ९ | बन्चरे खानेपानी निर्माण | माक्पा | ११,५०,०००।- |

| | | | |
|---|---|---|---|
| १० | बाक्चुवा सालधारी खानेपानी मर्मत | माक्पा | ३५,०००।- |
| ११ | थान सिंगे खानेपानी मर्मत | माक्पा | ६०,०००।- |
| १२ | रोलुखोला खानेपानी निर्माण | माक्पा | १४,७१,०००।- |
| १३ | कोलडाडा गुरुङगाउ वडा कार्यालय बाङ्देल-बादस्कु ग्रा.स. निर्माण । | राखाबाङ्देल | ३१,००,०००।- |
| १४ | जालपा-सप्तेश्वर-राखाबाङ्देल सडक निर्माण | राखाबाङ्देल | ३०,००,०००।- |

**निर्णय नं. ८** यस गाउपालिकाका हालका वडा एवं साविक गा.वि.स. हरुमा गाउँपरिसदबाट स्वीकृत योजनाहरुको विभिन्न व्यक्ति तथा संघ संस्थाका नाममा देखिन आएको पेश्किलाई तुरुन्त पे.फ. गर्न भरखर्रै सम्पन्न लेखापरीक्षबाट सुझाप प्राप्त भए बमोजिम तुरुन्त पे.फ. गर्न वडा कार्यालयलाई पत्राचार गर्ने र पे.फ. नगर्ने उ.स. अध्यक्षलाई नियमानुसार कारवाही प्रकृया अगाडी बढाउने एवं कुनै पनि सरकारी कर्मचारीको नाममा पेश्की बाँकी देखिन आएमा गाउँपालिका क्षेत्र भित्र रहेका कर्मचारीको सरकारी तरवरबाट पाउने सेवा सुविधा रोक्का गर्ने र गाउँपालिका क्षेत्र बाहिर रहेका कर्मचारीकाहकमा सम्बन्धीत कार्यालयबाट सरकारी सेवा सुविधा रोक्का गर्न पत्राचार गर्ने निर्णय गरियो ।

**मिति २०७४ साल फाल्गुन ०३ गते ऐसेलुखर्क गाउँकार्यपालिकाको बैठकका निर्णयहरु**

**निर्णय नं. १** प्रथामिक स्वास्थ्य केन्द्र ऐसेलुखर्कमा X – Ray घर निर्माण गर्नको लागि विविध शिर्षकबाट रु. ११,०८,४४३।- स्टीमेट बमोजिम रकम उपलब्ध गराई उपभोक्ता समिती मार्फत नियमानुसार निर्माणको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. २** नेपाल रेडक्रस सोसाइटी दिक्रेल शाखाले सामाजिक कामहरु गर्दै आएको आर्थिक समस्याको कारण पूर्ण रुपमा काम गर्न समस्या भएकोले केही रकम माग गरेकोमा

यस गाउँपालिकाको विपद व्याबस्थान कोषबाट रु. ५०,०००।- (पचास हजार मात्र) रेडक्रस सोसाईटी दिक्तेल शाखालाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३** गाउँसभा बाट पर्यटन पूर्वाधार शिर्षकमा विनियोजन भएको रकम रु. १५,००,०००।- मध्ये रु. २,५०,०००।- ऐसेलुखर्क गा.पा. - ५ महेश्वरीमा निर्माण हुने किँरात सग्राहलयलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४** यस गाउँपालिका क्षेत्रमा सञ्चालन हुने विभिन्न प्रकारका खेलकुद प्रतियोगिताहरु सञ्चालन, व्यवस्थापन गर्न गाउँ कार्यपालिकाका सदस्य श्री सन्तवीर तामाङको संयोजकत्वमा ११ सदस्य सदस्यीय खेलकुद समिती गठन गर्न सो समितीको सदस्य सचिव प्रमुख प्रशासकिय अधिकृत जीवन निरौला लाई तोक्ने साथै समितीलाई संयोजक र सदस्य सचिव मार्फत सबै वडाको एक जना खेलकुद सम्बन्धी ज्ञान सीप भएको व्याक्ति समेट्ने गरी तत्काल पुर्णता प्रदान गर्ने र समितीको आफ्नो कार्यविधि आफै तयार गरी कार्यपालिकामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** धर्म संस्कृती तथा भाषा संरक्षण शिर्षकमा गाउँसभाबाट विनियोजित रकम रु. ५,००,०००।- मध्ये रु. २,५०,०००।- उपलब्ध गराउने निर्णय गरियो ।